हार्दिक मंगलमय शुभकामना !

२५७०औं बुद्ध जयन्तीको पावन अवसरमा Buddhism Digital Library, Inc ले डिजिटल उपहार प्रकाशन गर्ने तयारी गरिरहेको खबर सुन्न पाउदा खुसी लागेको छ। यस पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना प्रकट गर्न चाहन्छौं।

बोस्टन तमू समाजको मूल उद्देश्य भनेको प्रवासमा सुख र दुःखको समयमा आपासी भाइचारा र सद्भाव प्रकट गर्ने हो। यस बाहेक नेपाली चाड पर्वहरूमा आपासी भेटघाट तथा रमाइलो मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी, त्यस मार्फत नयाँ पिँडीहरूलाई आफ्नो भाषा, भेषभूषा, चाडपर्व, मौलिक संस्कार र संस्कृतिको संरक्षण र अभ्यास गर्नु गराउनु रहेको छ। यसबाट नयाँ पिँडीहरूलाई पुस्ता हस्तान्तरण गर्न सकिने कुरामा बिश्वास्त रहेको छु।

यस समाजले सदस्यहरूको सुख, दुःख, आपत, बिपत र प्राकृतिक प्रकोप जस्ता आपतकालिन अवस्थाहरूमा तत्काल राहतका लागि मानवीय सहयोगहरू उपलब्ध गराउँदै आएको छ। यसका साथै दशै, तिहार, ल्होछार, बुद्धजयन्ती, समर पिकनिक, एवं तीज कार्यक्रहरू आयोजना गरी, सामुदायिक भेटघाटका साथै रमाइलो नाचगान गरी चाडपर्व मनाउने गरेको छ।

अन्तमा, विश्व शान्तिको प्रबर्तक भगवान गौतम बुद्धको २५७०औं बुद्ध जयन्तीको पावन अवसरमा प्रकाशित यो "डिजिटल उपहार" पूर्णाङ्क (१) मार्फत बुद्धको शान्ति सन्देश विश्वभर फैलियोस्। साथै सम्पूर्ण मानव समुदायले सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायु प्राप्त होस् भन्ने शुभकानमना प्रकट गर्न चाहन्छौं। भवतु सर्वमंगलम्।

भुवन तथा दिलमाया गुरुङ
संस्थापक बोस्टन तमू समाज एवं परिवार
म्यासाच्यूसेट्स, अमेरिका।